# <u>मत्स्यपालन सम्बन्धी कार्यविधि, २०७५</u>

<u>प्रस्तावना:</u> आ.ब. २०७५/०७६को वार्षिक बजेट तथा कार्यक्रम बमोजिम यस मन्त्रालयबाट स्वीकृत कार्यक्रम अनुसार सञ्चालन हुने मत्स्य पालन क्षेत्र विस्तारका लागि पोखरी निर्माण, उन्नत दानामा अनुदान तथा साना मत्स्य बजार प्रवर्द्धन कार्यक्रम सञ्चालन गर्न मत्स्यपालन क्षेत्र विस्तारका लागि पोखरी निर्माण, उन्नत दानामा अनुदान तथा साना मत्स्य वजार प्रवर्द्धन कार्यविधि २०७५, मन्त्रिपरिषदबाट स्वीकृत गरी यो कार्यविधि लागू गरिएको छ ।

## परिच्छेद -१
## <u>प्रारम्भिक</u>

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u> (१) यस कार्यविधिको नाम **"मत्स्यपालन सम्बन्धी कार्यविधि, २०७५"** रहेको छ ।

(२) यो कार्यविधि मन्त्रिपरिषदबाट स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ ।

२. <u>परिभाषाः</u> विषय र प्रसंगले अर्को अर्थ नलागेमा,-

(क) "कार्यक्रम" भन्नाले प्रदेश सरकारको मत्स्य पालन क्षेत्र विस्तारका लागि पोखरी निर्माण, उन्नत दानामा अनुदान तथा साना मत्स्य वजार प्रवर्द्धन सम्बन्धी स्वीकृत बार्षिक कार्यक्रम र वजेटलाई सम्झनु पर्छ।

(ख) "कार्यालय" भन्नाले भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र सम्झनु पर्छ ।

(ग) "निर्देशनालय" भन्नाले पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय सम्झनु पर्छ ।

(घ) "प्रदेश" भन्नाले प्रदेश नम्बर तीन सम्झनु पर्छ ।

(ङ) "मन्त्रालय" भन्नाले भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय सम्झनु पर्छ ।

(च) “मूल्याङ्कन समिति” भन्नाले यस कार्यविधिको दफा ४ अनुसार गठित समितिलाई सम्झनु पर्छ ।

(छ) “विषय विज्ञ” भन्नाले माछापालन सम्बन्धी विज्ञ सम्झनु पर्छ।

(ज) “साझेदार संस्था” भन्नाले माछापालक कृषक समूह/सहकारी सम्झनु पर्छ ।

३. <u>उद्देश्य:</u> यस कार्यविधिको उद्देश्य निम्न बमोजिम हुनेछः-

(क) माछापालन क्षेत्र बिस्तार गरी माछाको उत्पादन वृद्धि गर्ने,

(ख) माछाको उत्पादन बृद्धि गरी आयत प्रतिस्थापन गर्ने,

(ग) खाद्य तथा पोषण सुरक्षामा टेवा पुर्‍याउने,

(ग) रोजगारी सृजना गर्ने ।

## परिच्छेद -२
## संस्थागत व्यवस्था

४. **मूल्याङ्कन समितिः** (१) साझेदार संस्थाबाट प्राप्त प्रस्ताव मूल्याङ्कन गरी स्वीकृतीका लागि सिफारीस गर्न कार्यालयमा सार्वजनिक खरिद ऐन-२०६३ र सार्वजनिक खरिद नियमावली-२०६४मा व्यवस्था भए बमोजिमको मूल्याङ्कन समिति रहने छ ।

(२) मूल्याङ्कन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) मूल्याङ्कन समितिले मूल्याङ्कन तथा अन्य मापदण्ड तयार गरी स्वीकृतिका लागि कार्यालयमा पेश गर्ने,

(ख) मूल्याङ्कन समितिले प्राप्त प्रस्तावहरु तोकिएको मापदण्ड बमोजिम मूल्याङ्कन गरी स्वीकृतिका लागि कार्यालयमा पेश गर्ने ।

५. **अनुगमन मूल्याङ्कनः** यस कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन मन्त्रालय, दफा ४ बमोजिमको समिति, निर्देशनालय र कार्यालयले गर्न सक्ने छन् । यसरी गरिएको अनुगमन र मूल्याङ्कनको प्रतिवेदन निर्देशनालय र मन्त्रालयमा पेश गर्नु पर्नेछ ।

## परिच्छेद -३
## कार्यक्रम सञ्चालन

६. **कार्यक्रम सञ्चालनः** (१) आ.व. २०७५/०७६ मा मत्स्य पालन क्षेत्र विस्तारका लागि पोखरी निर्माण, उन्नत दानामा अनुदान तथा साना मत्स्य वजार प्रवर्द्धन कार्यक्रम चार वटा जिल्लामा सञ्चालन हुनेछ,

(२) यस कार्यक्रम अन्तरगत माछा पोखरी निर्माण गरिनेछ ।

७. **प्रस्ताव आह्वानः** प्रस्ताव आह्वान निम्न बमोजिम हुनेछः-

(क) यो कार्यक्रम सञ्चालनको लागि मन्त्रालयबाट अनुसूची -१ बमोजिम सूचना आह्वान गरिनेछ,

(ख) यो कार्यक्रम मन्त्रालय मातहतका कार्यालयले सञ्चालन गर्नेछ,

(ग) कार्यक्रम सञ्चालन गर्नको लागि स्वीकृत कार्यक्रम प्राप्त गर्ने जिल्लाका समूह/सहकारीका कृषकहले कार्यालयमा तोकिएको समय भित्र सूचना उल्लेख भए बमोजिम अनुसूची-२ को ढाँचामा आवेदन र अनुसूची-३ बमोजिमको कार्ययोजना(प्रस्ताव) पेश गर्नु पर्छ,

(घ) कार्यालयले सङ्कलित निवेदनहरु रितपूर्वक भए नभएको एकीन गरी स्थलगत अध्ययन गरी संभाव्य देखिएका निवेदनको सूची तयार गर्नेछ,

(ङ) प्राप्त निवेदन मूल्याङ्कन समितिले परिच्छेद-५ अनुसार तोकिएका मापदण्डका आधारमा मूल्यांकन गरी समूह/सहकारीका कृषकको नामावली मन्त्रालयमा स्वीकृतिको लागि पठाउनु पर्नेछ,

(च) मत्स्य पालन क्षेत्र विस्तारको लागि नयाँ पोखरी निर्माण कार्यक्रमका लागि अनुदान प्राप्त गर्ने व्यावसायीले कम्तीमा ५ वर्षसम्म प्रस्ताव बमोजिमको व्यावसाय निरन्तर रुपमा सञ्चालन गर्नु पर्नेछ र अनिवार्यरुपमा मत्स्य विमा गर्न अनुसूची-४ बमोजिम प्रतिवद्धता गर्नु पर्छ,

(छ) कार्यालयले अनुसूची-५ बमोजिम प्रस्तावकसंग सम्झौता गर्नेछ । सम्झौता गरिएका समूह/सहकारीका कृषकको अन्तिम नामावली मन्त्रालयमा पठाउनु पर्नेछ,

(ज) निर्माण गरिने पोखरीहरुको ले-आउट तथा डिजाइन र लागत ईस्टिमेट तोकिएको प्राविधिक मापदण्ड अनुरुप मत्स्य प्राविधिकद्धारा गराई सोही अनुसारको निर्माण गर्नु पर्छ,

(झ) कार्यालयले लक्षित कार्यक्रमको अनुगमन गरी कार्य सम्पादनका आधारमा रकम भुक्तानी प्रकृया अगाडी बढाउने छ,

(ञ) अनुदानको रकम सम्बन्धित निवेदनको समूह/सहकारीका कृषकको नाममा रहेको बैंक खातामा जम्मा हुने गरी कार्यालयले भुक्तानी दिनेछ,

(ट) यस कार्यक्रम अन्तरगत निर्माण भएका नयाँ माछा पोखरीको लागि आवश्यक पर्ने विभिन्न जात एवं साइजका माछा भूरा उपलब्ध गराउन सम्बन्धित मत्स्य विकास केन्द्रले आवश्यक सहयोग एवं समन्वय गर्नु पर्नेछ,

(ठ) अनुदानद्धारा निर्मित पोखरीहरुको विवरण होर्डिङ्ग वोर्ड व्यवसायीले आफैं बनाई सार्वजनिक गरी राख्नु पर्नेछ ।

८. **प्रस्तावको जानकारी:** मूल्यांकन समितिले प्रस्तावहरु मूल्यांकन गरी समूह/सहकारीको कार्यक्रम मन्त्रालयमा सिफारिस गर्नेछ। प्राप्त प्रस्तावको मन्त्रालयले अध्ययन गरि प्रस्ताव स्वीकृत गर्नेछ । उक्त निर्णयको जानकारी सम्बन्धित समूह/सहकारीका कृषकहलाई निर्णय भएको मितिले सात दिन भित्र गराउनु पर्नेछ ।

९. **सम्झौता:** (१) दफा ८ बमोजिम छनौट भएका समूह/सहकारीका कृषकहरुसंग मत्स्य पालन क्षेत्र विस्तारका लागि पोखरी निर्माण, उन्नत दानामा अनुदान तथा साना मत्स्य वजार प्रवर्द्धन कार्यक्रम सञ्चालन कार्यहरु सञ्चालन गर्ने सम्झौता गर्न आउन पन्ध्र दिनको समयावधि दिई जानकारी गराउनु पर्छ ।

(२) उपदफा (१) बमोजिमको समयभित्र आउने समूह/सहकारीका कृषकसंग कार्यालयले अनुसूची-५ बमोजिम सम्झौता गरीदिनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको समयसीमा भित्र सम्झौता गर्न नआउने समूह/सहकारीका कृषकहरुको स्वतः छनौट रद्द भएको मानि दोस्रो प्रथमिकता प्राप्त समूह/सहकारीका कृषकहरुलाई छनौट गर्न बाधा पुगेको मानिने छैन।

(४) दफा ७को खण्ड(क) बमोजिम प्रस्ताव आह्वान गर्दा एकमात्र प्रस्ताव परी यसै दफाको उपदफा (३) बमोजिमको परिस्थिति पर्न आए पूनः पन्ध्र दिनको सूचना प्रकाशन गरी प्रस्ताव आह्वान गर्न सकिनेछ ।

(५) सम्झौता अनुरुप काम नगर्ने प्रस्तावक साझेदारी संस्थालाई मन्त्रालयले अनुदान रोक्का गर्न सक्नेछ ।

(६) मत्स्यपालन क्षेत्र विस्तारका कार्य सम्पन्न नगरेमा वा अन्य दुरुपयोग गरेको पाईएमा अनुदान रकम प्रचलित कानून बमोजिम सरकारी बाँकी/बक्यौता सरह असुल उपर गरिनेछ ।

## परिच्छेद -४
## कार्यक्रम सञ्चालनको आर्थिक पक्ष

१०. अनुदान प्रवाहः (१) साझेदार संस्थालाई स्वीकृत कार्यक्रम अनुरुप सम्बन्धित कार्यालयले निम्न बमोजिम अनुदान रकम प्रवाह गर्नेछः-

| क्र.स. | विवरण | अनुदान रकम रु. | कृषकको दायितव | भुक्तानी विधि | कैफियत |
|---|---|---|---|---|---|
| १. | पोखरी निर्माण | लागत रकमको पचास प्रतिशत अनुदान रकम बढीमा बाह्र हजार मात्र प्रति कठ्ठा जलाशय । | अनुदान रकम लागत खर्चको पचास प्रतिशत भन्दा बढी रकम स्वयमले वेहोर्ने छ। | कार्यालयले प्राप्त कागजातको आधारमा समूह/सहकारी/कृषकको बैङक खातामा रकम पठाउने ब्यवस्था गर्नेछ । | पोखरीको पानीको गहिराई १.५ मी. हुनु पर्ने। |
| २. | माछाको भूरा खरिद अनुदान | लागत रकमको पचास प्रतिशत अनुदान रकम बढीमा दुई सय पचास मात्र प्रति कठ्ठा जलाशय । | अनुदान रकम लागत खर्चको पचास प्रतिशत भन्दा बढी रकम स्वयमले वेहोर्ने छ। | कार्यालयले प्राप्त कागजातको आधारमा समूह/सहकारी/कृषकको बैङक खातामा रकम पठाउने ब्यवस्था गर्नेछ । | |
| ३. | दाना | लागत रकमको पचास प्रतिशत अनुदान रकम बढीमा तीन सय पचास मात्र प्रति कठ्ठा जलाशय । | अनुदान रकम लागत खर्चको पचास प्रतिशत भन्दा बढी रकम स्वयमले वेहोर्ने छ। | कार्यालयले प्राप्त कागजातको आधारमा समूह/सहकारी/कृषकको बैङक खातामा रकम पठाउने ब्यवस्था गर्नेछ । | एक महिना उमेर सम्मका भूराका लागि। |
| ४. | वजार (स्टल बनाउन) | लागत रकमको पचास प्रतिशत अनुदान रकम बढीमा एक लाख | अनुदान रकम लागत खर्चको पचास प्रतिशत भन्दा बढी रकम स्वयमले वेहोर्ने छ। | कार्यालयले प्राप्त कागजातको आधारमा समूह/सहकारी/कृषकको बैङक खातामा रकम पठाउने ब्यवस्था गर्नेछ । | |
| ५. | औजार/उपकरण (एरियटर, ईलेक्ट्रिकल | लागत रकमको पचास प्रतिशत अनुदान रकम | अनुदान रकम लागत खर्चको पचास प्रतिशत | कार्यालयले प्राप्त कागजातको आधारमा समूह/सहकारी/कृषकको | |

| | | | | | |
|---|---|---|---|---|---|
| | मोटर, सवमर्सिवल पम्प, जाल, क्रेट) | | भन्दा बढी रकम स्वयमले वेहोर्ने छ। | बैङक खातामा रकम पठाउने ब्यवस्था गर्नेछ । | |
| ६. | प्रविधि प्रदर्शन(तालिम) | तीन लाख | - | - | सात दिने २५जनालाई |
| ७. | ढुवानी प्रति कट्टा | पचास प्रतिशत अनुदान रकम बढीमा एक सय प्रति कट्टा मात्र । | अनुदान रकम लागत खर्चको पचास प्रतिशत भन्दा बढी रकम स्वयमले वेहोर्ने छ। | कार्यालयले प्राप्त कागजातको आधारमा समूह/सहकारीका कृषकको बैङक खातामा रकम पठाउने ब्यवस्था गर्नेछ । | |

११. <u>रकम भुक्तानी</u>: स्पेसिफिकेसन सहित पोखरी निर्माण, माछाको भुरा खरिद अनुदान, दाना, बजार(स्टल बनाउन), औजार/उपकरण(एरियटर, ईलेक्ट्रिकल मोटर, सवमर्सिवल पम्प, जाल, क्रेट) खरिद आदीको भुक्तानी छनौट भएको साझेदार संस्थाको खातामा जम्मा हुने गरी उपलब्ध गराईनेछ । रकम प्राप्त गर्न छनौट भएको साझेदार संस्थाले विल/भर्पाई पेश गर्नु पर्नेछ।

१२. <u>कन्टेन्जेन्सी कट्टी</u>: कार्यक्रम अनुगमन तथा सूचना प्रकाशन, बैठक भत्ता आदि आवश्यक कार्यहरुको लागि तीन प्रतिशत कन्टिन्जेन्सी बापत हुन आउने रकम कट्टा गरी साझेदार संस्थालाई भुक्तानी दिइने छ ।

१३. <u>आर्थिक व्यवस्था</u>: कार्यक्रमको लेखा, लेखा परीक्षण तथा आर्थिक कारोवार प्रचलित कानून बमोजिम गरीनेछ ।

## परिच्छेद -५
## <u>मापदण्ड</u>

१४. <u>मापदण्डका आधारहरु</u>: (१) यस कार्यविधि अनुसार कार्यक्रम सञ्चालन गर्न देहाय बमोजिमको मापदण्ड हुनु पर्नेछः-

(क) सकेसम्म आफ्नै स्वामित्वमा जग्गा भएका साझेदारलाई प्राथमिकता दिईनेछ । सो नभए साझेदारी संस्थाले जग्गाधनी प्रमाण पुर्जा वा ठेक्का भए कम्तीमा ५ वर्षसम्म ठेक्का लिएको आधिकारिक करार पत्र लिएको हुनु पर्नेछ,

(ख) यो कार्यक्रममा सहभागी हुने समूहले माछापालन कार्यक्रमको बीमा गरेको हुनु पर्नेछ ।

(२) उपदफा (१) मा उल्लेखित मापदण्डका अतिरिक्त थप मापदण्डको आवश्यकता परे मूल्याङ्कन समितिले तयार गरी मन्त्रालयबाट स्वीकृत गराई लागु गर्न सक्नेछ ।

## परिच्छेद -६
## विविध

१. **प्रगति पठाउने प्रकृयाः** (१) साझेदार संस्थाले मासिक रुपमा प्रगति प्रतिवेदन कार्यालयमा पठाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको प्रगति प्रतिवेदन चौमासिक तथा वार्षिक रुपमा कम्पाईल गरी कार्यालयले निर्देशनालय र मन्त्रालयमा पठाउनु पर्नेछ ।

२. **कार्यक्रमको प्रभावकारीताः** कार्यक्रमलाई प्रभावकारी र व्यवस्थित बनाउन अन्य संघीय तथा स्थानीय तहबाट कार्यान्वयन हुने आयोजनासँग समन्वय गरी तादाम्यता कायम गर्दै दोहोरोपना नहुने गरी एकिकृत रुपमा कार्यक्रम सञ्चालन गर्न सकिने छ ।

३. **संशोधनः** यो कार्यविधि कार्यान्वयन सम्बन्धी बाधा अडचन मन्त्रालयले फुकाउने छ ।

१५. **वचाउः** यस कार्यविधिमा उल्लेख भएका कुरामा यसै कार्यविधि र अन्यमा प्रचलीत कानून बमोजीम हुनेछ ।

## अनुसूची -१
(दफा ७ उपदफा (क)संग सम्वन्धित)

**प्रस्ताव आह्वानको सूचना**

**प्रथम पटक प्रकाशित मितिः ..............**

आर्थिक वर्ष २० .../ ... को बार्षिक स्वीकृत कार्यक्रम तपसिलमा उल्लेख भए अनुसार मत्स्य पालन क्षेत्र विस्तारका लागि पोखरी निर्माण, उन्नत दानामा अनुदान तथा साना मत्स्य वजार प्रवर्द्धन कार्यक्रमको माध्यमबाट मत्स्य पालनको लागि नयाँ पोखरी निर्माण गरी मत्स्य विकासको प्रवर्द्धन गर्ने कार्यक्रम रहेको हुँदा इच्छुक समूह/सहकारीका कृषकहरुबाट दरखास्त आह्वानको लागि यो सूचना प्रकाशित गरिएको छ ।यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले तिस दिनभित्र भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रमा तोकिएको ढाँचा अनुसारको आवेदन आह्वान गरिन्छ ।

पूनश्चः आवेदन साथ तपसिल अनुसारका कागजातहरु संलग्न राख्न समेत यसै सूचनाद्धारा सूचित गरिन्छ ।

**तपसिलः**

१. रु. १० को टिकट टाँसेको अनुसूची २ अनुसारको आवेदन ।
२. नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि ।
३. जग्गाधनी प्रमाण पुर्जा वा ठेक्का भए कम्तीमा ५वर्षसम्म ठेक्का लिएको आधिकारिक करार पत्र दिने व्यक्तिको जग्गाधनी प्रमाण पुर्जा ।
४. अनुसूची-४ अनुसारको घटिमा ५ वर्षसम्म प्रस्तावित व्यवसाय सञ्चालन गर्ने प्रतिवद्धता पत्र।
५. निवेदकको तालिम तथा शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि ।
६. अनुसूची-३ बमोजिमको कार्ययोजना (प्रस्ताव) .
७. समूह/सहकारीका कृषक भए सम्बन्धित निकायबाट दर्ता प्रमाण पत्र र नविकरणको प्रमाणित प्रतिलिपि ।

**अनुसूची -२**

**(दफा ७ को (ग) संग सम्वन्धित)**

**आवेदन-पत्र**

श्रीमान् प्रमुख ज्यू,

....................

विषयः- अनुदान सहयोग उपलब्ध गराई दिने बारे ।

मलाई मत्स्य पालन क्षेत्र विस्तारका लागि पोखरी निर्माण, उन्नत दानामा अनुदान तथा साना मत्स्य वजार प्रवर्द्धन कार्यक्रम अन्तर्गत पोखरी निर्माण गरी ब्यवसायिक मत्स्य पालन गर्ने ईच्छा भएकोले निम्नानुसार कागजात राखी नियमानुसारको अनुदान सहयोग उपलब्ध गराई पाउन निवेदन गर्दछु ।मेरो आवेदन तथा प्रस्ताव स्वीकृत भएमा सम्बनधित जिल्ला भित्रै रही संलग्न प्रस्ताव तथा प्रतिवद्धता अनुरुपको कार्य गर्नेछु ।

**तपसिल**

१. रु. १० को टिकट टाँसेको अनुसूची २ अनुसारको आवेदन ।
२. नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि ।
३. जग्गाधनी प्रमाण पुर्जा वा ठेक्का भए कम्तीमा ५ वर्षसम्म ठेक्का लिएको आधिकारिक करार पत्र दिने व्यक्तिको जग्गाधनी प्रमाण पुर्जा ।
४. अनुसूची-४ अनुसारको घटिमा ५ वर्षसम्म प्रस्तावित व्यवसाय सञ्चालन गर्ने प्रतिवद्धता पत्र ।
५. निवेदकको तालिम तथा शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि ।
६. अनुसूची-३ बमोजिमको कार्ययोजना (प्रस्ताव) .
७. समूह/सहकारीका कृषक सम्बन्धित निकायबाट दर्ता प्रमाण पत्र र नविकरणको प्रमाणित प्रतिलिपि ।

निवेदन पेश गर्नेको नाम, थरः

ठेगानाः

दस्तखतः

मितिः २०७ ..../... /....

समूह/सहकारीको नामः

ठेगानाः

अध्यक्षको दस्तखतः

मितिः २०७ ..../... /....

संस्थाको छापः

## अनुसूची -३
(दफा ७ को (ग) संग सम्वन्धित)

**कार्ययोजना (प्रस्ताव)**

| | |
|---|---|
| १.कृषक/समूह/सहकारीको नामः | |
| २. ठेगाना | ३. लिङ्गः |
| ४. परियोजनाको क्षेत्रफलः | ५. परियोजना स्थलः |
| ६. शैक्षिक योग्यताः | |
| ७. मत्स्य ब्यवसाय सम्बन्धी तालिम लिएको भएः | |
| क.तालिमको वर्षः | ख.अवधि .........................देखि ................ सम्म |
| ग.प्रदान गर्ने संस्थाः | |

८. पोखरी निर्माणको विवरणः

| पोखरीको किसिम | संख्या | जलाशय क्षेत्रफल (हे.) | अनुमानित लागत (रु.) |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |

९. अन्य सुविधा विकास

| विवरण | संख्या | क्षेत्रफल (हे.) | साईज (ल.*चौ.) | क्षमता | अनुमानित लागत (रु.) |
|---|---|---|---|---|---|
| जाल खरिद | | | | | |
| एरेटर खरिद तथा जडान | | | | | |
| बोरिङ | | | | | |
| पम्प सेट/ मोटर | | | | | |

१०. संलग्न हुने जनशक्तिको विवरण

| विवरण | संख्या | योग्यता | खर्च हुने रकम |
|---|---|---|---|
| सुरक्षा | | | |
| फार्म व्यवस्थापन | | | |
| प्राविधिक | | | |

प्रदेश सरकार
भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

११. उत्पादन अनुमान

| विवरण | इकाई | परिमाण | बिक्री दर (रु) | अनुमानित आय (रु.) |
|---|---|---|---|---|
| खानेमाछा | | | | |
| भुरा माछा | | | | |
| तरकारी, फलफूल | | | | |
| पशुजन्य पदार्थ | | | | |
| अन्य | | | | |
| जम्मा | | | | |

१२. डीलको उपयोग

| विवरण | क्षेत्रफल |
|---|---|
| संरचना निर्माण | |
| घाँस खेती | |
| तरकारी फलफुल खेति | |
| अन्य | |
| जम्मा | |

१३. नयाँ सोच केहि भए उल्लेख गर्नुहोस् :

..................................................................................................................................
......................
..................................................................................................................................
........................
..................................................................................................................

प्रस्तावकको नाम थर :
ठेगाना :
दस्तखत :
मिति :
संस्थाको छाप :

कृषि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय
प्रदेश सरकार
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
प्रदेश सरकार
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

अनुसूची -४
(दफा ७ को (च) संग सम्वन्धित)
**प्रतिवद्धता-पत्र**

मन्त्रालयको मिति २०७.../..../.... को सूचना अनुसार मत्स्य पालन क्षेत्र बिस्तारका लागि पोखरी निर्माण उन्नत दानामा अनुदान तथा साना मत्स्य वजार प्रवर्द्धन कार्यक्रममा सहभागी भई व्यवसायीक मत्स्य पालन गर्न ईच्छुक भएकोले सो कार्यक्रममा सहभागिताको लागि कार्य योजना सहितको आवेदन गरेको छु/छौ । उक्त कार्यक्रममा छनौट भएमा कार्य योजनामा उल्लेख भए बमोजिमको कार्य गर्ने गरी घटीमा पाँच वर्षसम्म निरन्तरता दिनेछु/छौ र परियोजनाको विमा समेत गर्ने प्रतिवद्धता ब्यक्त गर्दछु/छौ । प्रतिवद्धता अनुरुपको कार्य नगरेमा प्रचलित ऐन कानून बमोजिम सहुँला बुझाउँला । साथै प्रस्तावित कार्यहरुका लागि अन्य कुनै निकायबाट अनुदान सहयोग प्राप्त नगरेको र संचालित कृयाकलापबाट वातावरणलाई असर नपुऱ्याउने प्रतिवद्धता समेत ब्यक्त गर्दछु/छौं । सम्बत् २०७.../.../... गते रोज....शुभम् ।

नाम थर:

समूह/सहकारीको नाम:

वतन:

दस्तखत:

मिति:

समूह/सहकारीको छाप:

| दायाँ | वायाँ |
|---|---|
| | |

प्रदेश सरकार
भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

## अनुसूची -५
### (दफा ७ को (छ) संग सम्वन्धित)
### सम्झौता-पत्र

भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र (यसपछि पहिलो पक्ष भनिने) आर्थिक वर्ष ............ को बार्षिक स्वीकृत कार्यक्रम अनुसार मत्स्य पालन क्षेत्र बिस्तारका लागि पोखरी निर्माण उन्नत दानामा अनुदान तथा साना मत्स्य वजार प्रवर्द्धन कार्यक्रम अन्तर्गत पोखरी निर्माण कार्यक्रमको कृषक/समूह/सहकारी (यसपछि दोस्रो पक्ष भनिने) ले कार्य सञ्चालन गर्ने गरी नियमानुसार स्वीकृत गराई देहाय बमोजिमको शर्तनामाहरु गरी कार्य सम्पन्न गर्न सहमति भई पहिलो पक्ष र दोस्रो पक्षबीच आज मिति २०७..../..../.... मा सझौता गरिएको छ ।

**शर्तनामाः**

१. दोस्रो पक्षले पहिलो पक्षबाट आवश्यक प्राविधिक सल्लाह एवं सुझाव प्राप्त गरी प्रस्ताव अनुसारको काम सम्झौता गरिएको मितिले.................... भित्र सम्पन्न गर्नु पर्नेछ।

२. दोस्रो पक्षले सम्पन्न गरेको कामको मूल्याङ्कन कार्यक्रम मूल्याङ्कन समितिबाट तोकिएका मत्स्य प्राविधिकबाट कार्य सम्पन्न प्रतिवेदन तयार गरी रुजु र प्रमाणित समेत गरेर भुक्तानीको लागि पहिलो पक्षमा पठाउनु पर्नेछ।

३. पहिलो पक्षले प्राप्त कागजातको आधारमा दोस्रो पक्षको बैंक खातामा चेकबाट आनुदान रकम उपलब्ध गराउनेछ।

४. पहिलो पक्षले प्रस्ताव बमोजिमको नियमित ब्यवसाय सञ्चालन गरे नगरेको अनुगमन गर्नेछ र सो को जानकारी मन्त्रालयमा दिनु पर्नेछ।

५. यस सम्झौतामा उल्लेखित कार्य गर्दा परि आउने सक्ने कुनै पनि प्राकृतिक प्रकोप र भवितव्यको पूर्ण जिम्मेवार दोस्रो पक्ष स्वयम हुनेछ।

६. ब्यवसायलाई सम्भावित जोखिमबाट बचाउन दोस्रो पक्षले ब्यवसायको विमा गर्नु पर्नेछ।

७. यस सम्झौतामा उल्लेख भएको भन्दा अन्य व्यहोराको हकमा प्रचलित कानून बमोजिम हुनेछ।

| **पहिलो पक्षको तर्फबाटः** | **दोस्रो पक्षको तर्फबाटः** |
|---|---|
| नाम थरः | कृषक/समूह/सहकारीको नामः |
| कार्यालयको नामः | पदः |
| पदः | दस्तखतः |
| दस्तखतः | दायाँ / बायाँ |
| सम्पर्क फोनः | मितिः |
| | सम्पर्क फोनः |
| | बैंकको नाम र ठेगानाः |
| | खाताको किसिमः |